# *३० औँ प्रकाश स्मृति दिवश*का सन्दर्भमा प्रकाश मानवअधिकार पुरस्कार २०७८, छनौट तथा सिफारिस समितिका संयोजकका तर्फबाट पुरस्कार छनौटका मापदण्ड, प्रक्रिया र आधार सम्बन्धमा प्रस्तुत मन्तव्य

*आदरणीय व्यक्तित्वहरू !*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले** तीन दशक भन्दा अघिदेखि मानव अधिकार र सामाजिक न्यायका लागि निरन्तर वकालत गर्दै आइरहेको यहाँहरूलाई विदितै छ । मानिसले मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारको उपभोग गर्ने गराउने वातावरण सिर्जना गर्न पञ्चायतका कालरात्रीदेखि हाम्रा अग्रजहरूले शुरु गर्नु अभियानलाई निरन्तरता दिँदै प्रजातन्त्र पश्चातका दिनमा झन् सशक्त मानव अधिकारको आन्दोलनको रुपमा इन्सेक स्थापित हुन सफल भयो । इन्सेक अधिकार उपभोग गर्नबाट वञ्चित लाखौं पीडित सीमान्तकृत समुदायको सारथी तथा सहयात्री बन्दै आएको छ । हामी, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, विभिन्न समयमा जारी सन्धि, महासन्धि, ऐच्छिक प्रलेख र सम्झौताहरूको अक्षरशः पालन गर्न गराउनका राज्य, सरकार र सरोकारवाला समुदायलाई मात्र होइन विश्वसमुदाय समक्ष समेत निरन्तर पैरवी कै क्रममा छौं ।

नेपालको मानव अधिकार आन्दोलनको एक नेतृत्वदायी र नागरिक समाजको एक महत्वपुर्ण हिस्साको रुपमा स्थापित हुन सफल इन्सेकले नेपालमा भएका हरेक राजनीतिक र सांस्कृतिक आन्दोलनलाई समेत नजिकबाट नियालेको छ । नागरिकहरूको मानव अधिकार संरक्षणका लागि क्रियाशील छ । जनयुद्ध होस् या मधेश आन्दोलन, दोस्रो जनआन्दोलन होस् या विभिन्न जातजातिको अधिकारका लागि गरिएका आन्दोलन किन नहुन, इन्सेकले हरेक विषम परिस्थितिमा समेत नागरिकहरूको नैसर्गिक अधिकारको हनन् नहोस् भनी निरन्तर पहरेदारी गरेको थियो ।

शताब्दीऔंदेखि विभिन्न प्रथा र कुसंस्कारका शिकारमा परेका दलित, महिला, मधेशी र सिमान्तकृतहरूको मुक्ति, पुनर्स्थापना र अधिकार संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको यस संस्थाले हलिया, कमैया, कमलरी, हरूवा-चरुवा, बालीघरे, खलीप्रथाको अन्त्यका लागि निरन्तर पैरवी र वकालत गर्दैआएको छ । यी कुप्रथाहरूको समुल अन्त्यको घोषणा हुनु हाम्रा लागि सबैभन्दा खुशीको क्षण हो । मुक्ति एक सफलता हो भने पुनर्स्थापना र उनीहरूको जिउने साधनको व्यवस्था गर्नु चुनौतीको विषय हो । पचासको दशकमा दलित समुदायद्वारा गरिएका सामाजिक-सांस्कृतिक आन्दोलनको एक सारथीको रुपमा स्थापित इन्सेकले दलित आन्दोलनको एक आधिकारिक ऐतिहासिक दस्तावेज र आधिकारिक इतिहास यसको पहिलो मानवअधिकार वर्ष पुस्तकमा प्रकाशन गरी उक्त समुदायको मुक्ति आन्दोलनमा योगदान दिएको कुरा कसैले नकार्न सक्दैन । हलियाको अवस्थासम्बन्धी पहिलो फिल्डमा आधारित आधिकारिक प्रतिवेदन इन्सेकले २०५४ मा प्रकाशन गरेको थियो । इतिहासमा यस्ता योगदानहरूको कदर र उच्च सम्मान पाउने आशा गरेको छु । त्यसैले हाम्रा अग्रजहरूले देखेको समतामुलक समाजको परिकल्पना विस्तारै यथार्थतामा परिणत हुदैछ, किनकी कानुनी रुपमा दलित, मधेसी, महिला र सिमान्तकृत समुदाय विरुद्धका विभेद निषेध गरेको छ । अनि देशका विभिन्न क्षेत्रहरूमा रहेका कुप्रथा र कूसंस्कारहरूको पनि समुल अन्त्य भईसकेको छ । यसको कार्यान्वयन र व्यवहारिक पाटो अर्को चुनौतीको रुपमा विद्यमान छ, त्यसैले हाम्रो अभियान, पैरवी र वकालत अहिले उनीहरूको अधिकार संरक्षणका लागि केन्द्रित छ ।

बृहत् मानव अधिकार आन्दोलनले ५० वर्ष पूरा गरेको परिप्रेक्ष्यमा हामीले सोही मार्गदर्शनलाई आजको रणनीतिक अभ्यास र भोलिको गन्तव्यको रुपमा तय गरी निरन्तर रुपमा क्रियाशील छौं । दलित आन्दोलन, हलिया मुक्ति आन्दोलन, कमैया मुक्ति आन्दोलन, महिला अधिकार आन्दोलन, सिमान्तकृत समुदायको अग्रगामी अधिकारका लागि भए गरिएका अधिकार आन्दोलनमा हामी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा एक हिस्साका रुपमा जोडिन पाउँदा र आन्दोलनले सफलता हासिल गर्दा हामीले गौरवान्वित महसुस गरेका छौं ।

हाम्रो अभियान र पैरवीका अभ्यास देशमा मात्र सीमित रहेनन् । हाम्रा अधिकारहरूलाई स्थापित गर्न अन्तर्राष्ट्रिय फोरमहरूमा समेत उत्तिकै जोडदार रुपमा उठाउँदै आएका छौँ । युपिआर होस् या सिडका सन्दर्भमा किन नहोस् हाम्रो एकीकृत पैरवी निरन्तर चलिरहेकै छ । उपलब्धिहरूलाई सामूहिक पैरवीको परिणामको रुपमा स्वीकार गर्दै हरेक उपलब्धिलाई उत्सवको रुपमा मनाउन पाउँदा ज्यादै खुशी महसुस गर्दछौँ ।

मुलुकमा भएका सबै खालका अधिकार आन्दोलन र अभियानहरूमा सक्रियतापुर्वक योगदान र नेतृत्व गर्ने व्यक्तित्वहरूप्रति इन्सेकले संधै उच्च सम्मान र हार्दिकता प्रकट गर्ने गरेको छ । यस्ता क्रियाकलापमा संलग्न व्यक्तित्वहरूलाई प्रोत्साहित गर्दै अभियान र आन्दोलनलाई थप उचाइमा पुऱ्याउन सकिन्छ भन्नेमा हामी विश्वस्त छौँ । मानव अधिकार र सामाजिक न्यायको यो बृहत् अभियानमा संलग्न हुनका लागि कुनै जात, धर्म, वर्ण, क्षेत्र, लिङ्ग, उमेर वा कुनै पनि आधारले छेक्न, रोक्न सक्दैन र सामूहिक प्रयासले मात्र लक्ष्य हासिल गर्न सकिन्छ भन्ने कुरा हामीलाई हाम्रा अग्रजहरूले सिकाउनु भएको हो । त्यसैले पनि यो बृहत् अभियानमा हामी सबै दशकौँदेखि निरन्तर छौँ अनि हजारौँहजार अभियन्ताहरू यस अभियानमा जोडिनु भएको छ । इतिहासलाई सम्मान र वर्तमानलाई आवश्यकता अनुरुप उपयोग गर्न सकेमा मात्र भविष्य गौरवमय हुन सक्छ भन्ने हाम्रो विश्वास छ । हाम्रा लागि प्राप्त हरेक मार्गदर्शनका लागि हाम्रा संस्थापक अध्यक्ष र पुर्व अध्यक्षज्यूहरूप्रति उच्च सम्मानभाव प्रकट गर्दछु भने संस्थापक महासचिव स्वर्गीय प्रकाश काफ्लेप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु । हाम्रा अग्रजहरूका हरेक सल्लाह, सुझाव र निर्देशनहरू हाम्रा लागि मार्गदर्शन हुन् । लक्ष्य हासिल गर्ने आधारशिला हुन् ।

मानव अधिकार, सामाजिक न्याय र समानतामा आधारित समृद्ध समाज निर्माणार्थ विभिन्न क्षेत्र र भूमिकामा रही क्रियाशील रहने व्यक्तिहरूलाई थप हौसला प्रदान गर्न स्व. प्रकाश काफ्लेको स्मृतिमा इन्सेकले २०५१ सालमा प्रकाश मानव अधिकार पुरस्कार स्थापना गरि प्रत्येक वर्ष एकजना मानवअधिकारकर्मीलाई प्रदान गर्दैआएको व्यहोरा विदितै छ । यो सम्मान स्वर्गीय प्रकाश काफ्लेले देखेको सपनाप्रतिको सम्मान त हो नै मानवअधिकार र सामाजिक न्यायका पक्षमा क्रियाशील मानव अधिकारकर्मी, रक्षक र व्यक्तित्वहरूलाई दिइने हौसला पनि हो । यस्ता सम्मानहरू विभिन्न क्षेत्रबाट मानव अधिकार र सामाजिक न्यायका पक्षमा आफ्नो ज्यानको समेत पर्वाह नगरी निरन्तर रुपमा क्रियाशील २७ जना व्यक्तित्वहरूलाई यसअघि नै प्रदान गरी सम्मान गरि सकिएको छ । उक्त पुरस्कार तथा सम्मान ग्रहण गर्ने २७ जना व्यक्तित्वमा प्रदेशका आधारमा (प्रदेश १ बाट चार, मधेसबाट सात, बागमतीबाट तीन, गण्डकीबाट दुई, लुम्बिनीबाट ६, कर्णालीबाट एक र सुदुरपश्चिमबाट ४), लिङ्गका आधारमा (पुरुष २३ र महिला चार), जातका आधारमा (ब्रम्हण क्षेत्री १४, दलित तीन, जनजाति आठ, धार्मिक अल्पसङ्ख्यक दुई), क्षेत्रगत योगदानका आधारहरूमा (पत्रकारिता पाँच, स्वास्थ्य तीन, बाँधामजदुर र अल्पसङ्ख्यक अधिकार तीन, मानवीय सहायता र शिक्षा एक, शिक्षाका लागि पैरवी तीन, दलित अधिकार दुई, महिला अधिकार दुई, मानव अधिकार पैरवी पाँच, धार्मिक मानवीयता र मानव अधिकार अभियान एक, ज्येष्ठ नागरिक अधिकार एक र दाइजोप्रथा विरुद्धको अभियान एक) हुनुहुन्छ । यस वर्ष २८ औं व्यक्तित्वलाई सम्मान र पुरस्कृत गर्न हामी यहाँ उपस्थित भएका छौँ ।

***सभाध्यक्षज्यु र आदरणीय व्यक्तित्वहरू,***

विगत वर्ष झैँ मानव अधिकारका विविध क्षेत्र र आयाममा निरन्तर क्रियाशील भई योगदान गरेका एक जना मानव अधिकार रक्षकलाई साउन १६ गते सम्मान र पुरस्कृत गरिने व्यक्तित्व छनौटका केही मापदण्ड र आधार इन्सेक कार्यसमितिले तय गरेको थियो ।

**<u>छनौट प्रक्रियाः</u>**

- ✓ हरेक वर्ष साउन १६ गतेको कार्यक्रम सम्पन्न भएपछि अर्को वर्षको प्रकाश मानव अधिकार पुरस्कारका लागि व्यक्तित्व छनौट कार्यप्रक्रिया शुरू गर्ने गरिन्छ ।
- ✓ पुरस्कारका लागि हरेक प्रदेशबाट मानव अधिकार रक्षकहरूको विस्तृत प्रोफाइलसहित नाम सिफारिस गर्न हाम्रा प्रदेश कार्यालयहरूलाई अनुरोध गर्ने गरिन्छ । प्रत्येक वर्ष सिफारिसमा परेका तर पुरस्कृत नभएका व्यक्तिहरू अर्को वर्षका लागि स्वतः रोष्टरमा राख्ने गरिन्छ ।
- ✓ इन्सेकका सातै प्रदेशमा रहेका प्रदेश कार्यालयहरू तथा केन्द्रीय कार्यालयले तयार पारेको सिफारिसको सूची इन्सेक व्यवस्थापनले इन्सेक कार्यसमितिले गठन गरेको पुरस्कार छनौट तथा सिफारिस समितिमा पेश गर्दछ ।
- ✓ पुरस्कार छनौट तथा सिफारिस समितिले तय गरेका विभिन्न मापदण्ड र म्याट्रिक्स (उमेर, प्रदेश, लिङ्ग, जातजाति, पेशा, सेवाको अवधि, योगदान र समग्र विश्वसनीयता समेत) का आधारमा गहन विश्लेषण र छलफल गरी एक जना व्यक्तित्व छनौट गरी पुरस्कारका लागि कार्यसमिति समक्ष सिफारिस गर्दछ ।
- ✓ कार्यसमितिले सिफारिसको अनुमोदन गर्दै कार्यक्रमको तय गर्ने प्रक्रिया रहेको छ ।

**छनौट र सिफारिसका न्युनतम आधारहरू:**

प्रदेश कार्यालयहरूबाट सिफारिस माग्दा मानव अधिकार, सामाजिक न्याय, समानता, कानुनी शासन, स्वतन्त्रता, समता र नागरिक अधिकारका विभिन्न आयामहरूमा निरन्तर रुपमा क्रियाशील भई योगदान दिएका महिला, दलित, मधेसी, मुस्लिम, थारु, जनजाति तथा पिछडिएको क्षेत्रका मानव अधिकार रक्षकहरूलाई प्राथमिकतामा राख्ने गरिन्छ ।

उपर्युक्त आधार र प्रक्रियामार्फत यस वर्ष पनि सातै प्रदेशबाट सङ्कलन गरिएका र अघिल्ला वर्षहरूका रोष्टरमा राखिएका मानव अधिकार रक्षक तथा अभियन्ताहरूको सूची तयार गर्ने सिलसिलामा प्रदेश १ बाट तीन जना, मधेस प्रदेशबाट सात जना, बागमतीबाट चार जना, गण्डकीबाट एक जना, लुम्बिनीबाट चार जना, कर्णालीबाट एक जना र सुदुरपश्चिमबाट दुई जना गरी जम्मा २२ सिफारिस प्राप्त भएका थिए । जसमध्ये पुरुष १५ र महिला सात जना थिए । छनौट समितिले उमेर, प्रदेश, लिङ्ग, जातजाति, पेशा, सेवा गरेको अवधि, योगदान, र समग्र विश्वसनीयता लगायत विभिन्न मापदण्ड निर्माण गरी विश्लेषण गरेको थियो । यसरी प्राप्त आधारहरू विश्लेषण, गहन अध्ययन, छलफल र अन्तरक्रियामार्फत **स्व. प्रकाश काफ्लेको ३० औं स्मृति दिवश**का अवसरमा प्रदान गरिने ***प्रकाश मानव अधिकार पुरस्कार २०७९*** का लागि यस वर्ष हामीले हलिया मुक्ति आन्दोलन, मानव अधिकारको सम्बर्द्धन र सामाजिक न्यायका पक्षमा विगत दुई दशकभन्दा बढी समयदेखि निरन्तर रुपमा क्रियाशील दशरथ चन्द नगरपालिका-४, बैतडीका हलिया मुक्ति आन्दोलनका एक अथक योद्धा सुपरिचित व्यक्तित्व ***श्री राजुराम भुल****लाई पुरस्कृत गर्ने निर्णय गरिएको छ । प्रकाश मानव अधिकार सम्मानको पुरस्कार राशी रु. ५०,००० (अक्षेरुपी पचास हजार रुपियाँ मात्र) को साथमा सम्मानपत्र तथा इन्सेकको प्रतीक* प्रदान गरी सम्मान गरिन्छ ।

उक्त पुरस्कार स्व. प्रकाश काफ्लेको स्मृतिमा आयोजना गरिएको यस कार्यक्रममा आजका प्रमुख अतिथि राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तपबहादुर मगरज्युको प्रमुख आतिथ्यतामा *श्री राजुराम भुल*लाई प्रदान गरिँदैछ । श्री भुलले भविष्यमा समेत यही उर्जा, उत्साह, लगनशीलता र कर्तव्यबोधका साथ समुदायको सर्वाङ्गिण हित र अधिकारका लागि निरन्तर क्रियाशील रहने अपेक्षा र विश्वाससहित हार्दिक बधाई तथा शुभकामना इन्सेक परिवारको तर्फबाट व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा यो व्यक्तित्व छनौट तथा सिफारिस कार्यमा विभिन्न तबर योगदान र सहयोग गर्नुहुने छनौट समितिका सदस्य गीता बराल र रघुनाथ अधिकारी, इन्सेकका अध्यक्ष डा. इन्दिरा श्रेष्ठ, निवर्तमान अध्यक्ष सुबोधराज प्याकुरेल, कार्यसमितिका सदस्यहरू, कार्यकारी निर्देशक विजयराज

गौतम, इन्सेक कन्द्रीय कार्यालयमा कार्यरत कर्मचारी मित्रहरू, प्रदेश संयोजक र सम्बन्धित जिल्ला प्रतिनिधिहरूप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । नमस्कार ।

*रुद्रबहादुर चर्मकार*
*संयोजक, पुरस्कार छनौट तथा सिफारिस समिति तथा महासचिव, इन्सेक कार्यसमिति*
*साउन १६, २०७९, काठमाडौँ*